# यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# दोश्रो बार्षिक साधारण सभाको कामकारवाही सम्बन्धी निर्णय विवरण
# (माईन्युट)

**१. बैधानिक रुपमा सभाको संचालनः**

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७६।०७।२४ गते बसेको ४१ औं बैठकको निर्णयानुसार बोलाईएको दोश्रो बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री शुलभ अग्रवालज्यूको अध्यक्षतामा मिति २०७६।०९।०४ गते शुक्रबार (तद्अनुसार २० डिसेम्बर २०१९) बिहान १०:०० बजे देखि १२:०० बजे सम्म कम्पनीको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका वडा नं.-८, भैरहवा, रुपन्देहीमा बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय भयो ।

**२. सभाको सूचना प्रकाशनः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको बार्षिक साधारण सभाको सूचना, अध्यक्षज्यूको मन्तव्य, आ.व. २०७४।७५ को लेखापरीक्षण सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०७६/०७/२६ गते आर्थिक अभियान राष्ट्रिय दैनिक र दोश्रो सूचना मिति २०७६/०८/२६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

**३. छलफलका बिषयहरुः**

**(क) साधारण प्रस्ताव अन्तर्गत :**

१. संचालक समितिको आ.व. २०७४।७५ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७४/७५ को लेखा परिक्षणको प्रतिवेदन, वासलात तथा नाफा/ नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७५/७६ को लागि बाह्य लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ( कम्पनी ऐन बमोजिम वाहलवाला लेखापरिक्षक श्री एलएसपी एसोसिएट्स चाटर्ड एकाउन्टेण्टस् पूनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

**(ख) विशेष प्रस्ताव अन्तर्गत :**

कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७४।७५ मा भएको खर्चको अनुमोदन गर्ने सम्बन्धमा ।

**(ग) विविधः**

## ४. साधारण सभामा उपस्थिती:

**४.१ संचालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री शुलभ अग्रवाल | अध्यक्ष |
| २. | श्री संदिप कुमार अग्रवाल | संचालक |
| ३. | श्री जीवन कुमार अग्रवाल | संचालक |

**४.२ अन्य पदाधिकारीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार लाल कर्ण | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री कपिल कुमार दाहाल | उप प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री कोषराज सुवेदी | बरिष्ठ नायब महाप्रबन्धक |
| ४. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |
| ५. | श्री भोज कुँवर | प्रादेशिक कार्यालय प्रमुख, प्रदेश नं ५ |
| ६. | श्री धिरज कुमार मल्लिक | प्रादेशिक कार्यालय उपप्रमुख, प्रदेश नं ५ |

**४.३ शेयरधनीहरुको उपस्थिती**

| | | | |
|---|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या | : | ३ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | : | २३ |
| ३ | जम्मा उपस्थित संख्या | : | २६ |
| ४ | उपस्थित शेयर संख्याको जम्मा प्रतिशत | : | ९८.३३ |

## ५. सभाको बैधानिकता:

कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको दोश्रो बार्षिक साधारण सभामा ३ जना संस्थापक शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र प्रोक्सी मार्फत २३ जनाको गरी कुल शेयर संख्याको ९८.३३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार दोश्रो बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

## ६. बार्षिक साधारणसभाको प्रस्तुती:

सभाका अध्यक्षज्यूले उपस्थित सवै संस्थापक शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचिमा उल्लेख गरिएका बिषयहरुका बारेमा जानकारी गराउदै आ.व.२०७४।७५ को संचालक समितिको प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । त्यस्तै सभा समक्ष आ.व.२०७४।७५ को लेखापरीक्षणको प्रतिवेदन, वासलात, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचिहरु तथा नेपाल वित्तिय

प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तिय विवरण छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।
यसै गरी आ.व. २०७५।७६ का लागि लेखापरीक्षकको नियुक्ति, कम्पनीबाट भएको चन्दा सहयोग खर्च, बिबिध प्रस्ताव अन्तर्गत संचालक समितिको बैठक भत्ता बृद्धि गर्ने र प्रमुख कार्यकारी अधिकृतको तलब भत्ता तथा अन्य सुविधाको अनुमोदन गर्ने सम्बन्धमा अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

**७. साधारण सभाको निर्णय :**

**(क) साधारण प्रस्तावतर्फ:**

१. आ.व. २०७४।७५ को संचालक समितिको बार्षिक प्रतिवेदन सभाका अध्यक्षज्यूले अनुमोदनका लागि सभा समक्ष पेश गर्नु भएकोमा सभाले प्रस्तुत बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गऱ्यो ।

२. कम्पनीको आ.व.२०७४/७५ को वित्तिय विवरण, वासलात, नाफा/ नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तिय विवरण पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

३. लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७५/७६ को लागि लेखा परिक्षकको नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्नका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७५/७६ को लागि बाह्य लेखापरीक्षकमा श्री एल.एस.पी. एशोसिएट्स चार्टड एकाउण्टेण्टस्, ललितपुरलाई पुनः नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरिक्षण शुल्क मुल्य अभिबृद्धि कर बाहेक रु. ३,२५,०००।- पारिश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।

**ख. विशेष प्रस्तावतर्फ :**

कम्पनीबाट आ.व.२०७४।७५ को अवधिमा मिलन टोल सुधार समिति, गोङ्गबु, काठमाण्डौंलाई चन्दा सहयोग वापत प्रदान गरिएको रु. १,००,०००।- अनुमोदनका लागि सभामा पेश गर्नु भएकोमा सो चन्दा सहयोग उचित रहेको भनि कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम अनुमोदन गरियो ।

**ग) विविध अन्तर्गत:**

१. सभाका अध्यक्षज्यूले संचालक समितिको बैठक भत्ता वापत अध्यक्षको लागि रु. ८,०००।- र संचालकको लागि रु. ७,०००।- प्रदान गर्ने प्रस्तावलाई अनुमोदनका लागि सभा समक्ष पेश गर्नु भएकोमा सभाले संचालक समितिका पदाधिकारीहरुलाई बैठक भत्ता प्रदान गर्न उचित हुने ठहऱ्याई प्रति बैठक भत्ता अध्यक्षको लागि रु. ८,०००।- र संचालकको लागि रु. ७,०००।- प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गऱ्यो ।